**INTELLECTUAL INCEPTION: A Multidisciplinary Research Journal of Bhojpur Campus**
(Peer Reviewed)
ISSN: 2990-7934, Volume 1, Issue 1, July 2023, pp 99-112
Published by Research Management Cell (RMC), Bhojpur Multiple Campus, Bhojpur
E-mail: bhojpurcampusrmc77@gmail.com

# पिँजराको प्यासा मैना कवितामा निहितार्थ

अनिल अधिकारी
उपप्राध्यापक
नेपाली, नेपाली शिक्षा र पत्रकारिता शिक्षण विभाग
महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, त्रिभुवन विश्वविद्यालय, नेपाल
E-mail: aniladhikaribhojpur@gmail.com

## लेखसार

यो लेख पिँजराको प्यासा मैना कवितामा निहितार्थ विश्लेषणसँग सम्बन्धित छ भने यसमा सोही विषयलाई मुख्य समस्या चयन गरी प्रतिकात्मकता, सांसारिकता, क्रियाकलाप, सामाजिक, सांस्कृतिक, सम्बन्धगत र उपादेयता निर्मितिजस्ता शोध्यसमस्या निर्धारित छन् । गुणात्मक अनुसन्धानविधि र पाठविश्लेषणकेन्द्री ढाँचामा तयार गरिएको यस लेखमा विश्लेषणको सिद्धान्त निहितार्थ हो । निहितार्थ सङ्कथनमा रहेका सबै क्षेत्रसम्बद्ध रचनाको विश्लेषण गर्ने संरचनावादी भाषापरक अध्ययन पद्धति हो । पाठनिर्मापक एकाइका रूपमा भाषाले निर्माण गर्ने सन्दर्भका विविधस्वरूप तथा तिनको पारस्परिक अन्वयबाट प्रतिपादन हुने केन्द्रीय अर्थ नै निहितार्थ हो भने मुक्तकाकार पिँजराको प्यासा मैना कविता निहितार्थका कोणबाट अध्ययनीय सामग्री हो । सटीक र सारपूर्ण प्रतीक प्रयोग तथा त्यसकै अन्तर्यमा निर्माण भएको सांसारिकता र क्रियाकलाप कविताको केन्द्रीय अर्थनिर्मापक आधार बनेका छन् । नेपाली समाजको तत्कालीन सामाजिक र सांस्कृतिक निर्मितिको अभिव्यञ्जना रहेको यस कवितामा शब्दले निर्माण गर्ने सन्दर्भको पारस्परिक अन्वय संसक्ति र संयुक्तिगत रूपमा सशक्त रहेको छ । मानव बन्धकको उत्कर्ष रहेको समाज र सामाजिक व्यवहारबाट पार्थक्य लिई निर्वेदको अभिलाषा अभिव्यञ्जित यस कवितामा नेपाली समाजको वस्तुता प्रस्तुत गर्नु उपादेयता निर्मिति रहेको विषयमा विमर्श भएको छ ।

**शब्दकुञ्जी :** प्रतीकात्मक, सांसारिकता, क्रियाकलाप, सांस्कृतिक र उपादेयता निर्मिति ।

## विषयप्रवेश

नेपाली कवितालाई आधुनिकता दिने पौडयाल परिष्कारवादी कवि हुन् । माध्यमिककालीन काव्यधारबाट लेखनाम्भ गरेका पौड्यालका विषयमा साहित्येतिहास विवादित रहे पनि नेपाली

कवितालाई आधुनिकता दिन उनको महत्त्वपूर्ण योगदान रहेको छ । नेपाली साहित्यलाई भिन्न आयामका कविता दिएका पौडचालले नाटकको सृजना गरे पनि कविता विधा नै यिनका लागि उर्वर छ । सृजनविधामा *लालित्य भाग*-१ र २ (२०१०, २०२५), *कविशिरोमणि लेखनाथ पौड्यालका प्रतिनिधि कविता* (२०४१) र *लेखनाथका प्रमुख कविता* (२०४६) कवितासङ्ग्रहका अतिरिक्त आधादर्जन बढी खण्डकाव्य, एउटा नव्यकाव्य र अन्य नाटक प्रकाशित रहेका छन् । कवि पौडचालका कवित्व, कविताप्रवृत्ति, काव्ययात्रा, र काव्यकारिताका विषयमा शोध, अध्ययन, अनुसन्धान र प्राज्ञिक कार्य भएका छन् । प्रस्तुत कविताको भावगत प्राप्ति र काव्यिक विशेषताका सम्बन्धमा वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, ठाकुरप्रसाद पराजुली, हीरामणि शर्मा र राममणि रिसालले गरेका अध्ययनको साझा निष्कर्ष कविता अभिधार्थमा शक्तिशाली रहँदै लक्ष्यार्थ र व्यङ्ग्यार्थसमेतको तहमा विश्लेषणीय मुक्तकाकार कृतिको रूपमा रहेको दृष्टिकोण प्रस्तुत भएको छ । कविताको भाषिक र सङ्कथनपरक कोणबाट विवेचना नभई पूर्वीय काव्यशास्त्रीय विवेचना भएका यी अध्ययनबाट निहितार्थ विश्लेषणका लागि रिक्तता रहेको देखिन्छ ।

निहितार्थ संरचनावाद अनुप्राणित सङ्कथन अध्ययन अन्तर्गत साहित्यिक पाठको भाषापरक विश्लेषण गर्ने समालोचना पद्धति हो । निहितार्थ अन्तर्गत वाक्यभन्दा माथिल्ला भाषिक एकाइमा रहेका भाषाको प्रकार्यपरक अध्ययन गर्ने सन्दर्भमा साहित्यिक पाठमा रहेका विभिन्न सन्दर्भ र विषयको पहिचान गरी पाठगत अर्थ खोजी त्यसको विवेचना गरिन्छ । बेलायती भाषिक अध्ययन पद्धति अन्तर्गत जेम्स पाउल गीले अघिसारेका छ निर्मितिका आधारमा विभिन्न तरिकाले पाठमा विद्यमान अर्थको पहिचान र विश्लेषण गर्न सकिने अवधारणाको विकाससँगै निहितार्थ समालोचनापद्धतिका रूपमा विकास भएको हो । पाठको भाषापरक अध्ययन तथा विश्लेषण गर्ने निहितार्थले विभिन्न भाषिक निर्मितिका आधारमा पाठको विवेचना गर्दछ । प्रस्तुत लेख संरचनावादी भाषाशास्त्रीय अवधारणाका रूपमा विकास भई विविध विद्वानले चर्चा गरेको तर पूर्ववर्ती अध्येताको अवधारणा समेतलाई संश्लेषण गर्ने जेम्स पाउल गीको भाषिक प्रकार्यका निर्मिति अर्थात् सिक्स बिल्डिङ टाक्सले निर्धारण गरेका प्रतिमान र त्यसबाट निर्मित अवधारणामा आधारित रही सैद्धान्तीकरण भएको छ । मुक्तकाकार पाठदेखि बृहत्तर साहित्यिक पाठको विवेचना गरी उक्त सङ्कथनमा रहेका विविधतापूर्ण अर्थलाई जोडेर समग्रार्थ निर्धारण गर्न सहयोगी रहेको निहितार्थताका आधारमा लेखनाथ पौडचाल (१९४१–२०२२) का कविता विश्लेषणीय छन् भने यस लेखका सन्दर्भमा “पिँजराको प्यासा मैना” कविता मात्र विश्लेषणको सामग्री वा शोधक्षेत्र हो ।

## समस्याकथन

आफ्ना सृजनामार्फत् आदर्शवादी चेतना र नैतिक शिक्षा दिने लेखनाथ पौडचालका कवितामा पूर्वीय अध्यात्मदर्शनको विशेष प्रभाव पाइन्छ । सृजना क्षेत्रमा मुक्तकाकार संरचनादेखि

महाकाव्यात्मक आयामका सृजना गर्ने यी स्रष्टाका सृजनामा नीति औपदेशिकताका साथै व्यञ्जनाका स्तरमा सघन व्यङ्ग्य र सामाजिक यथार्थको अभिव्यञ्जना पाइन्छन् । परम्परित बिम्ब/प्रतीकका माध्यमबाट वर्तमानलाई प्रस्तुत गर्ने पौडयालका कविता भाषिक दृष्टिले अध्ययनीय र विश्लेषणीय सामग्री हुन् । यस लेखमा पौडयालको मुक्तकाकार कविता "पिँजराको प्यासा मैना" शीर्षक कवितामा निहितार्थ मूलसमस्या र त्यसको समाधानका लागि निम्नलिखित शोधप्रश्नको प्राज्ञिक समाधान खोजिएको छ :

क. कवितामा प्रतीकात्मक, सांसारिकता र क्रियाकलाप निर्मितिको अवस्था केकस्तो छ ?

ख. कवितामा सामाजिक र सांस्कृतिक निर्मिति कसरी प्रस्तुत भएका छन् ?

ग. कवितामा सम्बन्धगत र उपादेयता निर्मिति प्रस्तुतिको प्रयोजन के हो ?

प्रस्तुत लेख "पिँजराको प्यासा मैना" कविताको निहितार्थ विश्लेषण गर्ने प्रतीकात्मकता, सांसारिकता, क्रियाकलाप, सामाजिक, सांस्कृतिक, सम्बन्धगत र उपादेयता निर्मितिका आधारमा रहेको रिक्तता तथा कविताको विश्लेषणका लागि उपयुक्त सिद्धान्तको उपादेयता समेतको प्राज्ञिक औचित्य पुष्टि गर्ने उद्देश्यमा केन्द्रित छ । कविताको भाषापरक निर्मितिको सिद्धान्तका रूपमा निहितार्थको सिद्धान्त र यसका प्रतिमानका आधारमा विश्लेषण गर्ने प्रक्रियासँग सम्बन्धित यस लेखले "पिँजराको प्यासा मैना" कविताका माध्यमबाट कवितालगायत साहित्यका सबै विधाका कृतिको विश्लेषण गर्ने आधार निर्माण गर्ने प्राज्ञिक उद्देश्यको परिपूर्ति गरेको छ ।

## अध्ययनविधि

प्रस्तुत लेख गुणात्मक अनुसन्धान पद्धति र पाठविश्लेषणकेन्द्री ढाँचामा तयार भएको छ । विश्लेषणका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन भएको छ । यस लेखको प्राथमिक स्रोत *पिँजराको प्यासा मैना* कविता हो भने द्वितीयक स्रोतअन्तर्गत विषयसँग सम्बन्धित पूर्वकार्य भएका सामग्री हुन् । कविताको विश्लेषणका लागि भाषिक अध्ययनअन्तर्गत सङ्कथन अध्ययनको निहितार्थ हो । जेम्स पाउज गीले अघिसारेका निहितार्थको सैद्धान्तिक पक्षमा उल्लिखित विषयलाई अवधारणात्मक पर्याधारका रूपमा उपयोग गरी यस लेखका लागि अवधारणा र विश्लेषणको ढाँचा निर्माण भएको छ ।

भाषिक सन्दर्भमा सङ्कथन वाक्यात्मक संरचनाभन्दा माथिल्लो भाषिक एकाइ हो भने यो भाषेतर संरचनामा बृहत्तर सन्दर्भलाई सूचित गर्ने मौखिक र साङ्केतिक विषय हो । भाषिक प्रकार्यका कोणबाट वाक्यात्मक संरचनाभन्दा माथिल्लो एकाइ मानिने सङ्कथनमा बहुविषयक सन्दर्भ तथा तिनमा अवशिष्ट अर्थको संयोजन न्यूनतम सर्त मानिन्छ । कुनै गम्भीर भाषण वा कुनै विषयमा भएको निश्चित लेखन, कुनै गम्भीर कुराकानी कुनै पनि कथन वा लेखनसँग जोडिएको भाषिक अभिव्यक्तिलाई सङ्कथन भनिन्छ (गौतम, २०६८, पृ. ५७१) । भाषाले सन्दर्भको निर्माण गर्ने तथा सन्दर्भमा आउने विविध प्रकार्यात्मक विशेषतालाई पृथक गरी पाठको

केन्द्रीय अर्थ प्राप्त गर्ने सङ्कथन अध्ययनको क्षेत्र निहितार्थ हो । निहितार्थ सङ्कथनमा रहेका बहुविषयक सन्दर्भ र तिनमा विद्यमान अर्थका आधारमा पाठनिष्ठ अर्थको खोजी गर्ने बहुविषयक अध्ययन पद्धति हो । निहितार्थले पाठमा रहेका स्थूल र सूक्ष्म पक्षका आधारमा पाठको केन्द्रीय अर्थ प्राप्तिको आधार निर्माण गर्ने हुँदा यसमा निश्चित विषयका आधारमा पाठको अर्थ खोज्ने अनुशासनका तुलनामा बहुअनुशासन, अन्तर्अनुशासन र अन्तर्विषयकतालाई समेत अवलम्बन गरेको छ । निहितार्थताको तात्पर्य सङ्कथन विश्लेषण गर्ने माध्यम भएकाले यसको अध्ययनक्षेत्रमा आउने सबै विषय यसको प्राप्ति हो । सङ्कथन विश्लेषण अन्तर्विषयक अध्ययन हुने तथा यसको प्रवृत्ति बहुपक्षीय भएकाले विश्लेषणका क्रममा सङ्कथनको पाठपरक अर्थसँग संज्ञानात्मक, सामाजिक, राजनैतिक, ऐतिहासिक आयामहरूलाई पनि एकीकृत गर्नुपर्छ (एटम, २०७४, पृ. २४१) । सङ्कथनको आधारभूत विशेषता भएका पाठात्मक संरचनामा रहेको विषयगत विविधता तथा ती विविधताका आधारमा पाठको अर्थ पहिचान गरी प्रकाशमा ल्याउने एवम् ती अर्थ संज्ञानात्मक स्वरूपका हुने सैद्धान्तिक मतसम्बद्ध निहितार्थ भिन्नभिन्न भाषिक निर्मितिका आधारमा पाठको एकत्वपूर्ण अर्थ प्राप्ति गर्ने अनुशासन हो ।

निहितार्थमा भाषिक प्रयोक्ताले वा पाठमा स्रष्टाले प्रयोग गरेको पाठगत अर्थमा परिवेशनिष्ठता वा शब्द र अर्थबीचको अन्वयलाई अथवा शब्दले दिने अर्थको अर्थ कसरी पाठभित्र व्यष्टित भएको छ भन्ने पक्षको खोजी गरिन्छ । पाठमा विशिष्ट अर्थ हुने र विशिष्ट परिवेशमा विशिष्ट अर्थ कसरी प्रस्तुत र ग्रहण भएको छ ? भन्ने पक्षको विश्लेषणबाट पाठगत अर्थको समुच्चय खोजिने यस अनुशासनमा परिवेशनिबद्ध हुने पाठमा विद्यमान विशिष्ट र अनिश्चित अर्थका आधारमा सङ्कथनमा भएका विषयको विवेचना गरिन्छ । पाठ वा सङ्कथनको निर्माण अलग विशेषता भएका तर परस्परमा अन्तर्सम्बन्धित भाषिक निर्मितिको संयोजनबाट भएको हुन्छ भने त्यस प्रकारको निर्मितिगत सम्बन्ध भाषिक प्रकार्यका अन्तर्यमा प्रस्तुत हुने गर्दछ (गी, सन् २००१, पृ. १९) । सङ्कथनको विश्लेषण गर्दा पृथक् विशेषता भएका तर एकअर्कामा अन्तर्सम्बन्धित विषयको सङ्गतिका आधारमा अर्थ खोज्ने तथा प्राप्त गर्ने आधार र अवधारणा खोजिन्छ । पाठमा प्रयुक्त शब्दले परिवेशसापेक्ष सन्दर्भ र अर्थमा भिन्नता ल्याउँछ भने परिवेशसापेक्ष निर्धारित अर्थमा प्रयोगगत निर्मितिमा भिन्नता हुनु स्वाभाविक प्रक्रिया मानिन्छ । निहितार्थ सिकाइ र अर्थग्रहणसँग सम्बन्धित प्रक्रिया हो भने यो बालकले भाषा र यसमा निहित सन्दर्भको कसरी ग्रहण गर्दछ भन्ने प्रक्रियासँग जोडिई संज्ञानपरक अभ्यास तथा त्यसको निर्धारण अर्थात् मान्यता र विश्वासमा रूपान्तर हुने प्रक्रिया हो (गल्यागर र क्रेग, सन् १९९७, पृ. ३४) । निहितार्थ सङ्कथनमा पाठगत परिवेश भन्नाले पाठमा अभिव्यक्त भएका वा चित्रण गरिएका सामाजिक र सांस्कृतिक समूह, तिनीहरू बीचका पारस्परिक सम्बन्ध, भाषिक व्यवहार र अभिव्यक्तिका क्रममा समुदायका सदस्यको मस्तिष्कमा स्थापित अर्थसँग सम्बन्धित हुन्छ । अर्थको निर्माण भाषिक व्यवहारका क्रममा समुदायले व्यवहारिक छलफलबाट सम्झौताको

सिद्धान्तअनुरूप निर्धारण गर्ने भएकाले समग्रमा यसको प्रतिविम्बन सामाजिक र सांस्कृतिक विश्वासका आधारमा निर्माण र निर्धारण हुने गर्दछ । आधारभूतमा निहितार्थ भाषाले निर्माण गर्ने निर्मिति भएकाले यसको ग्रहणप्रक्रिया आफैंमा समाज, संस्कृति, परिस्थिति र व्यक्तिको संज्ञानमा अन्तर्निर्भर रहने विषय हो ।

निहितार्थ सङ्कथन अर्थात् पाठले अवलम्बन गर्ने पाठात्मक संसारमा रहेको बहुविध विषय तथा तत् विषयक सङ्केतव्यवस्थाका आधारमा अर्थ खोजिनुपर्छ भन्ने केन्द्रीकृत अवधारणा हो । निहितार्थले समाज तथा समाजसँग सम्बन्धित हरेक प्रकारका ज्ञानलाई आधार मानी पाठको अर्थ खोज्दछ । यस अनुशासनमा भाषा र त्यसले सङ्केत गरेको प्रतीकात्मक व्यवस्थाका आधारमा विश्लेषण गर्ने आग्रह गर्दछ । सङ्कथनमा भाषाले बहन गर्नसक्ने सांसारिकता तथा त्यसमा घटित क्रियाकलाप प्रतीकात्मक ढाँचामा प्रस्तुत भएको हुन्छ भने प्रतीक वा सङ्केत व्यवस्थामा विद्यमान अर्थको तह जहाँसम्म जान्छ त्यहाँसम्म पाठको निहितार्थ बिस्तारित हुनेगर्दछ (स्चीफरिन, सन् २००१, पृ. ६०) । कुनै साहित्यिक कृति वा सङ्कथनमा उपस्थित परिवेशलाई पाठात्मक संसार मानी त्यसमा भएका क्रियाकलाप, विचारधारा, अभ्यास, सामाजिक सम्बन्ध, तिनीहरू परस्परमा जोडिने आधार, तिनको समाज र संस्कृतिसँगको अन्तर्सम्बन्धको विवेचना गरी प्रत्येक एकाइका आधारमा एकत्त्वपूर्ण अर्थ प्राप्तिको आधार खोज्नु निहितार्थ प्राप्त गर्ने आधार हो । निहितार्थ भाषाले निर्माण गर्ने सन्दर्भ तथा त्यसको बाह्यान्तरिक पक्षको विवेचनाका लागि भाषिक सङ्केतलाई आधार मानी अर्थ खोज्ने अनुशासन हो । भाषिक सङ्केतले सन्दर्भको निर्माण गर्दछन् भने सन्दर्भले दिनसक्ने अर्थको बिस्तार जहाँसम्म जान्छ त्यो निहितार्थको अध्ययनक्षेत्र हो (हेरिटेज र सोरनेज, सन् १९९४, पृ. ६०) । मानवीय ज्ञान तथा त्यसको बिस्तारित क्षेत्रसँग जोडिई पाठको अर्थ निर्धारण गर्ने भाषिक र साहित्यिक सिद्धान्तको अन्तर्मिश्रण मानिने निहितार्थमा पाठात्मक संसारमा भएका सङ्केत, सन्दर्भ तथा तिनले निर्माण गरेका सांस्कृतिक विश्वासका अन्तर्यमा अर्थको खोजी गरिन्छ । पाठमा निहित अर्थ नै भाषामा निहित अर्थ भएकाले भाषाले प्रस्तुत गर्ने समाज, संस्कृति, परिस्थिति, मानवीय क्रियाकलाप, तिनमा अवशिष्ट मान्यता, विश्वासजस्ता विषयका आधारमा निहितार्थको खोजी गरिन्छ (स्चीफरिन, १९९२, पृ. ७९५) । निहितार्थका आधामा पाठको विश्लेषण गर्दा त्यहाँ रहेका सङ्केत अर्थात् प्रतीकलाई आधार बनाउनु पर्दछ । निहितार्थमा प्रतीकात्मक तथा विशिष्ट अर्थ दिने प्रकार्य सन्निवेश रहने भएकाले यसमा कोशीय अर्थभन्दा प्रतीकात्मक तथा लाक्षणिक अथवा प्रतीयमान अर्थको खोजी गरिन्छ । पाठमा प्रतीकात्मक निर्मिति खोज्ने आधार पाठभित्रको स्थान, समय, परिस्थिति हुन् भने पाठमा नभएको तर पाठमा आएका पद पदावली प्रसङ्ग र उदारणका आधारमा निकालिएको अर्थ नै प्रतीकात्मक अर्थका रूपमा आई सङ्कथनले प्रस्तुत गर्न खोजेको निहितार्थ बन्दछ । निहितार्थ सङ्केतका माध्यमबाट व्यक्तिको संज्ञान तथा यसको तहसम्म पुग्ने आधार पनि हो । निहितार्थमा पाठलाई आधार मानी पाठात्मक संसारमा रहेका सन्दर्भ, संस्कृति,

संज्ञान, क्रियाकलाप, संरचना, परिस्थिति तथा त्यसको उपादेयताबीचको अन्वय खोजी ती तत्त्वबीचको पारस्परिक सम्बन्धबाट निर्माण हुने केन्द्रीय अर्थको स्वरूप खोजिन्छ (लेभिन्सन, सन् १९८३, पृ. १८८) । पाठात्मक संसारको तात्पर्य वस्तुजगत तथा जीवनजगत र प्रस्तुत संसार र अप्रस्तुत संसारको प्रस्तुतिका साथै स्रष्टाले. पाठको माध्यमबाट पाठकलाई दिन खोजेको विचार वा सन्देश नै पाठसंसार निर्मिति, पाठभित्रको जीवनचर्या, सामाजिकपद्धति आदिको प्रस्तुति नै पाठात्मक संसार हुन् । निहितार्थमा पाठात्मक संसारमा रहेका सामाजिक सम्बन्ध तथा त्यसका आधारमा निर्माण र निर्धारण भएका सांसारिकता तथा त्यसका आधारमा सञ्चालित क्रियाकलापको विवेचना हुन्छ । पाठमा पात्र वा लेखकका विषयवस्तु प्रस्तुतिका लागि गरिएका क्रियाकलाप, मुख्य क्रियाकलाप र उपक्रियाकलापका आधारमा अर्थको खोजी गर्ने कार्य, लेखकको धारणा र पाठका क्रियाकलापका विषयमा पाठकको संज्ञानको अन्तर्तहसम्म के सन्देश सञ्चार भएको छ भन्ने पक्षको खोजी गरिन्छ । निहितार्थमा सामाजिक वस्तुका रूपमा भाषामा रहने सङ्केत वा प्रतीक, परिवेश वा सामाजिकता, समाजमा घटित हुने क्रियाकलाप, सामाजिक सम्बन्ध, व्यक्ति, समाज र संस्कृतिको सम्बन्धबाट निर्माण हुने संज्ञान तथा सङ्कथन संरचनामा उपर्युक्त विषय प्रस्तुतिको प्रयोजनसमेतको विवेचना गरिन्छ (विडोसन, सन् १९९५, पृ. १६१) । समाज र सामाजिक संरचनामा ज्ञानको उत्पादन तथा त्यसको वितरण र उपभोग गर्ने अभ्यास पनि प्रतीकात्मक व्यवस्थामा आधारित रहने भएकाले यी विषय निहितार्थका माध्यमबाट शक्तिसम्बन्धलाई बुझ्ने माध्यम हो ।

निहितार्थ पाठमा रहेको सामाजिक र सांस्कृतिक सन्दर्भका आधारमा, शक्ति सम्बन्ध, पाठमा पाइने प्रभुत्व वा वर्चस्व र अधीनस्थता, लिङ्ग, वर्ण, जात,  समुदाय, संस्कृतिको आधारमा अर्थको खोजी गर्ने प्रक्रिया हो । निहितार्थमा पाठमा आएका सामाजिक र सांस्कृतिक पक्षबाट अर्थको खोजी गर्ने भएकाले पाठमा आएका पात्रका धारणा, सोचाइ, विश्वास, क्रिया, प्रतिक्रियाका माध्यमबाट पाठभित्र निहित अर्थ प्राप्ति गरिन्छ । सामाजिक र सांस्कृतिक सन्दर्भलाई बुझाउने सङ्केतको खोजी, त्यसप्रकारका विषयलाई स्थापित गर्ने सन्दर्भ तथा सुगठित पाठ निर्मापक एकाइका रूपमा संसक्ति र संयुक्तिको अध्ययन यसको शिल्पपक्षीय प्रतिमान रहेको छ । पारिस्थितिक अर्थ र सांस्कृतिक परिप्रेक्ष्यका आधारमा सङ्कथनको विश्लेषण गर्ने अवधारणा अघिसार्ने निहितार्थ पाठमा रहेका सामाजिक, सांस्कृतिक र त्यसप्रकारका विषय प्रस्तुतिको प्रयोजनका साथै तिनीहरू बीच बाह्यान्तरिक संसक्ति र संयुक्तिका आधारमा विषय विवेचना गर्ने आधार हो (गी, सन् २०११, पृ. १७) । पाठभित्रको सम्बन्धगत अवस्थाको खोजी, पाठको संसक्ति र संयुक्तिको अध्ययनका आधारमा अर्थको खोजी, पाठभित्र अर्थ कसरी जोडिएको हुन्छन् भन्ने कुराको अध्ययन, यसमा पाठको संसक्ति (पाठको बाह्य सम्बन्ध) र संयुक्ति (आन्तरिक सम्बन्ध) को खोजी गरिन्छ । भनाइको पुष्टि गर्न अगाडि र पछाडिको सम्बन्धलाई जोड्ने, लय, अनुप्रास, काल, रूपक, बिम्ब, प्रतीक, उपमा, उपमेय आदिको विश्लेषण गर्ने तथा विषयगत दृष्टिले भिन्न

अभिलक्षण भएका एकाइको अन्वयबाट पाठगत निर्मिति कसरी फलागम भएको छ भन्ने पक्षको अध्ययन गर्ने सैद्धान्तिक पक्षका आधारमा “पिँजराको प्यासा मैना” कविताको निहितार्थ विश्लेषणका लागि निम्नलिखित विश्लेषण ढाँचा उपयुक्त ठहर्दछ ।

| क्र.सं. | शोधप्रश्न | विश्लेषणको ढाँचा |
|---|---|---|
| १. | पिँजराको प्यासा मैना कवितामा निहितार्थ | प्रतीकात्मकता, सांसारिकता र क्रियाकलाप निर्मिति<br>सामाजिक र सांस्कृतिक निर्मिति<br>सम्बन्धगत र उपादेयता निर्मिति |

उपर्युक्त सिद्धान्त र विश्लेषणको ढाँचाका आधारमा “पिँजराको प्यासा मैना” कविताको विश्लेषण अलग्गै उपशीर्षकमा गर्नु उपयुक्त ठहर्दछ ।

## सामग्री विश्लेषण र नतिजा

साहित्यिक पाठमा निहितार्थको विश्लेषण गर्ने सात आधार रहने विषय प्रतिपाद्य रहे पनि उपादेयता निर्मितिका आधारमा पनि अध्ययन गरिनुपर्ने विषय प्रक्षिप्तांशका रूपमा विकास भएको छ । मुक्तकाकार रचनाविधान रहेको प्रगीतात्मक “पिँजराको प्यासा मैना कवितामा सात प्रकारका निर्मितिका आधारमा निहितार्थ प्रस्तुत भएको छ भने यसमा राजनीतिक निर्मितिको विषय सामाजिक र सांस्कृतिक निर्मितिकै अन्तर्यमा प्रस्तुत भएको छ । यस कविताको पूर्ण पाठ निम्नलिखित रहेको छ :

**हड्डीको पिँजरा शरीर उसमा मैना म भन्ने चरो ।**
**त्यो क्याँ क्याँ गरदो छ शान्ति-रसको पानी बिना भै खरो ।**
**चारा इन्द्रिय-लभ्य यो विषयको लाखौं खन्याए पनि ।**
**भित्री व्याकुलता र दाह उसको छुट्दैन कत्ती पनि ॥**

शारदा, वर्ष ७, संख्या ६ (नेपाली कविता भाग ४, पृ. १५१ बाट सभार)

प्रस्तुत कविताको रचनासन्दर्भगत अवस्था नेपाली समाजमा शिक्षाको विकास र बिस्तार भइनसकेको, राणाकालीन एकतन्त्रीय राजनीतिक व्यवस्था तथा हिन्दू अध्यात्मवादी सांस्कृतिक चिन्तनको प्रभावशाली उपस्थिति रहेको समयसँग सम्बन्धित छ । प्रस्तुत कवितामा राजनीतिक परिवर्तनका लागि क्रियाशील युवाहरूको चेतना तिनका गतिविधिमा स्वयम् सहभागी हुननसकेको पीडाबोध र छट्पटी व्यञ्जनाका तहमा प्रस्तुत गर्ने यस कविताले स्वतन्त्रताप्रेमी आमव्यक्ति दरबारिया चौघेरोमा बस्नुपर्दा अनुभव गर्ने निस्सारबोधको अभिव्यक्ति अध्यात्मवादी चेतनाको लाक्षणिक अर्थमा प्रस्तुत भएको छ । अभिधार्थमा शरीर सञ्चालन गर्ने आत्माको निर्वेद धारणा र शरीरको भोगवादी दृष्टिकोणबीचको द्वन्द्वात्मकता पाइने यस कविताको संरचनाविधान मुक्तकाकार रहेको छ । विश्वपरिवेशगत दृष्टिकोणबाट हेर्दा यस कवितामा पुँजीवादको उत्तरोत्तर

विकास र औद्योगीकरणका कारण मान्छेबाटै अलग्गिएको मान्छे अर्थात् मानव समाजमा उत्पन्न भएको ऐकान्तिक पर्यावरणका कारण उत्पन्न निराशा, छट्पटी, व्यग्रता तथा कुण्ठाको युगीन सन्दर्भसँग सम्बन्धित छ । संरचनाका आधारमा तेत्तीस शब्द, चार पङ्क्ति र एक अनुच्छेदमा संरचित मुक्तकाकार प्रस्तुत कविता उन्नाइस अक्षर वा वर्णको आवृत्तिबाट एक पङ्क्ति हुने तथा चार पाउ वा चरणको एक अनुच्छेद वा श्लोक रहने संरचनात्मक प्रारूप भएको रचना तथा मात्रागत आवृत्तिका दृष्टिले ३० मात्रा गणना हुने लयबद्ध संरचना हो । कलात्मकताका कोणबाट सङ्क्षिप्ततामै अभिधा, लक्ष्यार्थ र व्यङ्ग्यार्थको समष्टि पाइने यस कविताको निहितार्थ प्रतीकात्मकता, सांसारिकता, क्रियाकलाप, सामाजिक, सांस्कृतिक, सम्बन्धगत र उपादेयता निर्मितिका कोणबाट अलग्गै उपशीर्षकमा गरिनु उपयुक्त ठहर्दछ ।

## प्रतीकात्मक, सांसारिकता र क्रियाकलाप निर्मिति

पाठ निर्माणका क्रममा त्यसको संरचना तथा रूपाकृतिगत निर्मितिका लागि स्वतस्फूर्त अथवा नियोजित रूपमा कृतिमा प्रयोग गरिने भावसौन्दर्यतत्त्वका रूपमा प्रतीक वा सङ्केतव्यवस्था कृतिमा अवशिष्ट निहितार्थ विवेचना गर्ने एउटा प्रतिमान हो भने सङ्क्षिप्त संरचनाभित्रै यसको सम्यक् र सन्तुलित उपस्थिति यस कवितामा भएको छ । प्रस्तुत सङ्कथनमा पाठगत अर्थलाई विस्तारित गर्ने क्रममा आएका विभिन्न सङ्केत, बिम्ब र अलङ्कारको सार्थक र स्वतस्फूर्त उपस्थितिले कविताको प्रतीकात्मक निर्मितिलाई व्यङ्ग्यार्थप्रधान तुल्याएको छ । अलङ्कारका तहमा रूपक अलङ्कार प्रतिफलित भएको यस कवितामा मानव शरीरका हड्डीलाई पिँजरामा, मैनारूपी चरामा म अर्थात् आत्मा इन्द्रिय सुखबाट आत्मिक शान्ति नमिलेको अवस्थालाई अध्यात्मिक ज्ञानरूपी पानीको खोजिरहेको भावमा आरोपित गरी संरचनात्मक कलापक्षलाई सशक्त तुल्याइएको छ । यसप्रकार रूपक अलङ्कार सँगसँगै आएको व्यङ्ग्यार्थले कवितालाई अभिधार्थबाट व्यङ्ग्यार्थप्रधान तुल्याएको छ । प्रस्तुत संरचनामा आएका हड्डीको पिँजरा, शरीर, मैना, शान्ति रस, पानी इन्द्रियजस्ता बिम्ब र प्रतीक प्रयोगले अर्थलाई कलात्मक तुल्याएको छ । कविकल्पनासँग सम्बद्ध भई पिंजरा, मैनाजस्ता प्रसङ्गहरू सूक्ष्म आख्यानीकरणका रूपमा आएका छन् । यस संरचनाको आख्यानीकरण सबै इन्द्रिय सुखका प्राप्तिका रूपमा रहेको वैभवशाली जीवनको बोध गराउने परिवेश र उक्त परिवेशमा जीवननिर्वाह गर्ने चरित्रको पीडादायक मानसिक चित्तवृत्तिमा आधारित छ । यहाँ हड्डीको पिंजरा रूपी शरीरमा आत्मारूपी म अर्थात् मैना चराका छट्पटाहट र पीडा प्रस्तुत भइरहेको तथा उक्त आत्माले इन्द्रियग्राह्य विषय सुख भोग गरेर पनि व्याकुलता र दाहका कारण तृप्ति लिननसकेको लेखकीय अभिवृत्तिमा पाठक अभ्यस्त रहन पुग्दछ तथापि व्यङ्ग्यार्थको रूपमा आएको सामन्तवादी सहरी सभ्यतामा प्राप्त सम्पन्नता र भौतिक सुखले मात्र मान्छे तृप्त हुन नसकी आध्यात्मिक शान्ति नै मानव मुक्तिको कारक रहेको अर्थबाट प्रतीकात्मकता निर्मिति प्रतिपाद्य भएको छ । यस संरचनामा कविप्रौढोक्तिको कलेवरभित्र सूक्ष्म अन्तराख्यान उपस्थित हुनपुगेको छ । प्रस्तुत सन्दर्भबाट

कविताको मुख्य अभिलक्षणका रूपमा गेयात्मक आत्मालाप रहने र पाठकका लागि अप्रत्यक्ष सृजना र श्रव्य विधा बन्न पुगेको हो । यस पाठमा कविताको विशिष्ट अभिलक्षणका रूपमा छन्द (लय), र रागात्मकता (भावात्मकता) स्थापित भई मान्छेको सांसारिक जीवनको प्रस्तुति भएको छ ।

मानव समाज र त्यसको गतिशीलताका लागि निर्माण र निर्धारण भएको केन्द्रीय ज्ञानको सत्ता सांसारिकता हो भने यस कवितामा अध्यात्म अर्थात् पारलौकिक र इहलोक अर्थात् समाख्याता बाँचेको र भोगेको परिवेश सांसारिकताका रूपमा प्रस्तुत भएका छन् । प्रस्तुत संरचनामा अप्रस्तुत अर्थात् लुकेको अर्थका रूपमा वैराग्यपूर्ण चित्तवृत्ति अर्थात् आध्यात्मिक शान्तिको चाहना राख्ने समाख्याताको मनोभाव शरीररूपी पिँजडामा थुनिएको म अर्थात् आत्मारूपी चराको अन्तरवेदनाका रूपमा प्रस्तुत भएको छ । यस कविताले समस्त इन्द्रियले भोग गर्ने विषय सुखका व्यतिरेकमा मानसिक शान्तिलाई स्थापित गर्ने चित्तवृत्तिको महत्त्वलाई शरीर र आत्माबीचको भोग र त्यागजस्ता भावको समन्वयबाट प्रस्तुत गरेको छ । यस कविताको बाह्य सांसारिकता सामन्तवादी सहरी सभ्यातामा राज्यसत्ताको वैभवभित्र दरबारिया भौतिक सुखसयल र वैभवभित्र बस्ने तथा बाँचे पनि त्यहाँको कृत्रिम पर्यावरणमा प्राकृत हुननसकी खुसीको अभिनय गर्नुपर्ने बाध्यात्मक स्थितिमा बाँच्न अभ्यस्त रहन प्रयासरत मान्छेका बीचमा प्राकृतिकताका विपर्ययमा कृत्रिमता लिई जीवन गुजार्नु पर्ने आडम्बरयुक्त जीवनशैलीबाट उत्पन्न वैराग्यको आभाष तथा तत्जन्य क्रियाकलापको अभिव्यञ्जना भएको छ ।

वस्तुजगत्मा मान्छेले मान्छे हुनुको परिभाषालाई स्थापित गर्ने प्रयोजनसँगै बाँच्न र जिजीविषाका लागि गर्ने प्रयास र प्रयत्न पाठमा मुखरित हुने क्रियाकलाय हुन् भने यो आन्तरिक र बाह्य सांसारिकतासँग जोडिई भाषाका माध्यमबाट प्रस्तुत हुने विषय हो । प्रस्तुत कवितामा समाख्याताको मानसिक क्रियाकलापको बाह्य प्रकटीकरणका सन्दर्भमा मान्छे इन्द्रियग्राह्य भौतिक विलासपूर्ण जीवन, त्यसको सुखसुविधा, युवावस्थाको भोग र त्यसको प्राप्तिका क्रममा अनुभव गरेका पीडा, साँघुरो परिवेशमा भौतिक सुखसुविधाले दिननसकेको उन्मुक्तिजस्ता विषय क्रियाकलापका रूपमा प्रस्तुत भएका छन् । मान्छेको भौतिक सन्दर्भ जुनसुकै सुखसुविधा र वैभवले सम्पन्न भए पनि आत्मिक सन्तुष्टिबाट प्राप्त हुने आनन्द प्रीतिकर हुने निर्णयमा पुगेको समाख्याताले भौतिक संसाधनको बीचमा स्वयम्लाई गतिहीन पाएको तथा त्यसबाट उत्पन्न पीडा र छट्पटीले अध्यात्म नै श्रेयष्कर रहने निष्कर्षमा पुगेको कथ्य प्रस्तुत हुनु क्रियाकलाप निर्मितिका अभिलक्षण हुन् । यसका अतिरिक्त मान्छेलाई स्थिर तुल्याउनका लागि अपरिहार्य मानिने भौतिक जीवनसँग सम्बन्धित वस्तु तथा विलासिताको उपयोग मात्र मान्छेको जिजीविषाको माध्यम नभई आत्मिक शान्ति भौतिक संसाधनकै तुलनीय शक्तिशाली हुने विषयलाई यस कविताको अन्तर्वस्तुले क्रियाकलापका रूपमा प्रस्तुत गरेको छ । मान्छे मानसिक शान्तिका लागि जस्तोसुकै त्याग गर्न पनि तयार हुने मानसिक क्रियाकलाप प्रस्तुत गर्ने

समाख्याताले भौतिक सुखप्राप्ति र मानसिक शान्तिका लागि निर्वेद भन्ने अन्तर्द्वन्द्वमा शारीरिक सुखभोगका तुलनामा मानवीय स्वतन्त्रतायुक्त अभाव नै श्रेयष्कर हुने विषयलाई मुख्य मानेको छ । मानसिक शान्तिको प्राप्तिका लागि स्वतन्त्रताको अपरिहार्यता तथा त्यसका लागि सामाजिक र राजनीतिक संरचनामै परिवर्तनका लागि सहादत रोज्ने क्रान्तिकारी वीरवीराङ्नाको समर्थन गर्न नसकी लाचारीपूर्वक दरबारिया भएर बस्नुपर्ने स्रष्टा स्वयम्को लाचारी पनि अन्तर्वस्तुमा समावेश भई क्रियाकलापका रूपमा अभिव्यक्त भएको छ । मानवीय सत्ताको केन्द्रीय सार स्वयम् अस्तित्वशाली रही अर्काको सहअस्तित्वका अन्तर्यमा व्यक्तित्वको विकास नै रहने सत्यलाई स्वीकार गरे पनि त्यसका आवश्यक मापदण्ड पूरा गर्ननसक्ने समाख्याताको मानसिक संसारमा परिवर्तनका लागि सञ्चालित क्रान्तिप्रति सदासयता रहे पनि त्यसमा स्वयम्लाई समर्पित गर्ननसक्नुको मानसिक द्वन्द्वको अभिव्यञ्जना भएको छ । यस कृतिमा क्रियाकलाप निर्मितिका रूपमा यथास्थितिपरक भौतिकताबाट पलायन भई आध्यात्मिक जीवनतर्फको आकर्षण प्रस्तुतिका माध्यमबाट निर्वेद नै मानवमुक्तिको आधार सामाजिक यथास्थितितथा पीडित समाख्याता र समाख्याताजस्ता अनेकौं नागरिकलाई स्वतन्त्रताका लागि उत्प्रेरणप्रद कार्यप्रतिको व्यञ्जनाप्रधान भावाभिव्यञ्जना भएको छ ।

## सामाजिक, सांस्कृतिक निर्मिति

प्रस्तुत कविताको सामाजिक र सांस्कृतिक निर्मिति भन्नु विश्वपरिवेशमा विकासको चरम अवस्थामा पुगेको पुँजीवादी व्यवस्था र विचारधाराका कारण आफैंबाट अलग र एक्लो बनेको मानिसको अवस्था तथा नेपाली सामाजिक परिदृश्यमा राणाकालीन मानव स्वतन्त्रताविरोधी कार्य एवम् मानव बन्धकको बाध्यकारी कानुनी प्रावधानले सिर्जना गरेको प्रतिकूल परिस्थितिका कारण सृजित दयनीय परिस्थिति हो । नेपाली राजनीतिक व्यवस्थामा राणाशासनको अधोगतिसूचक सहिदपर्व मञ्चन गरेका राणाहरूको दमनकारी चरित्र तथा त्यसले सिर्जना गरेको आतङ्कित परिवेशको सामाजिक निर्मिति प्रस्तुत गर्ने यस कवितामा व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण गर्ने राज्यव्यवस्था तथा त्यसको नीतिका कारण उत्पन्न निराशाको अभिव्यक्ति भएको छ । शासन र सत्तालाई सीमित व्यक्ति तथा तिनीहरूद्वारा सञ्चालित एकाधिक व्यक्तिको निर्देशन र हैकम चल्ने परिस्थितिका कारण उत्पन्न निराशा तथा व्यक्तिले व्यक्तिका स्थानबाट प्रतिकार गर्ननसक्ने अवस्थामा मान्छेको मानसिकतामा उत्पन्न निराशा र कुण्ठाका अन्तर्यमा स्वयम्प्रतिको घृणासमेतको प्रस्तुति कवितामा भएको छ । कविताको समाख्याता कविता रचनाकालमा नेपाली समाज र सामाजिक संरचनाको वस्तुता प्रस्तुत गर्न सक्षम छ भने शासकद्वारा नै असुरक्षित नागरिकको मानसिकतामा विद्यमान आतङ्कित परिस्थिति पनि सामाजिक निर्मितिका रूपमा प्रस्तुत भएको छ । यस कविताले प्रस्तुत गर्ने दोस्रो सामाजिक निर्मिति मानव बन्धक तथा त्यसबाट सृजित मानवताहीन परिवेश हो । दरबार र दरबारियाले विलासिता र सुखभोगका नाममा गर्ने मानवताहीन कार्यलाई समर्थन गर्न बाध्य पारिने तथा तिनको मानवविरोधी कार्यलाई

समर्थन नगर्ने मान्छेलाई दण्डित गर्ने विधानका कारण सन्त्रस्त परिस्थिति पनि सामाजिक निर्मितिको एकांश बनेको छ । प्रस्तुत कविता एक दृष्टिकोणले कविको आत्मकथन पनि हो भने यसको प्रमाण दरबारिया पण्डितको भूमिकामा त्यसले गर्ने न्यायव्यवस्थाको शास्त्रीय विधान व्याख्या गर्न न्याय माग्न आउने व्यक्तिको कारुणिक र दारुण परिस्थितिलाई नियाल्ने क्रममा दण्डाधिकारीको क्रूरताबाट उत्पन्न भय एवम् त्यसले सिर्जना गर्ने आतङ्कका कारण सचेत मानसिकताले खोज्ने मुक्ति तथा त्यसको अप्राप्तिमा अनुभव गर्ने बन्धकस्थितिको प्रतिविबम्बन सामाजिक निर्मितिका रूपमा अभिव्यक्त भएको छ । प्रतिबन्धात्मक सामाजिक सन्दर्भमा मान्छेको अभिव्यक्तिमा समेत नियन्त्रण गर्ने समाज व्यवस्थामा नागरिक अधिकारको त्रासदीपूर्ण सामाजिक निर्मितिको प्रतिबिम्बन भएको यस कवितामा मानव बन्धक र त्यसका कारण उत्पन्न अमानवीय अवस्थाको प्रस्तुति भएको छ ।

यस कविताले अभिव्यञ्जित गर्न खोजेको सांस्कृतिक निर्मिति भन्नु पुँजीवादको उत्कर्षका कारण सृजित विषम मानवीय स्थिति हो । यस कवितामा औद्योगीकरणका कारण मान्छेको औजारसँगको सानिध्य तथा मान्छेबाटै विरक्तिएको मान्छेमा हराउँदै गएका मानवता र ऐकान्तिकताको चयनका कारण सृजित प्रतिकूलताको प्रस्तुति भएको छ । शहरी समाजलाई सभ्यताको नाम दिएर आफ्ना तर्क राख्ने कथित बौद्धिक वर्गको अभिव्यक्ति र गतिविधिका कारण विछिन्न मानसिकता यस कविताको सांस्कृतिक निर्मिति हो । सभ्यताका नाममा स्थापित मानव मानवबीचको दूरी तथा मानवताको अवमूल्यनलाई मूकदर्शक भएर हेर्नुपर्ने बाध्यता तथा मान्छेको यान्त्रिकीकरणले विघटन गरेको मूल्यहीन जीवनको मृत्युवत् गतिशीलता मानसिकतामा निराशा जन्माउने कारक रहेको सांस्कृतिक निर्मिति प्रस्तुत गर्ने यस कविताले मान्छे व्यक्तिकै तहमा विघटित छ भने त्यसबाट मानवताको अपेक्षा गर्ननसकिने पक्षको पृष्ठपोषण गरेको छ । मान्छे परिवेशका आधीन रहने तथा यान्त्रिक परिवेशमा मान्छे सहज एवम् प्राकृतिक हुननसक्ने सन्दर्भलाई लक्ष्यार्थमा प्रस्तुत गर्ने यस कविताले मान्छेको मूल्यहीन जीवनपद्धतिको निर्माणमा विश्वपरिवेशको भूमिका तथा त्यसको प्रभावलाई संश्लेषण गरेको छ । विश्वपरिवेशको सामाजिक र सांस्कृतिक परिवेशको प्रभाव तथा नेपाली समाजको सामन्तवादी पश्चगामी समाज, संस्कृति र राजनीतिक व्यवस्थाका कारण सचेत मानसिकतामा स्थापित भएको निराशाको अभिव्यक्ति र त्यसले मानवीय परिस्थितिमा पारेको प्रभावको सम्यक् प्रस्तुति सामाजिक र सांस्कृतिक निर्मितिका रूपमा भएको छ ।

## सम्बन्धगत र उपादेयता निर्मिति

प्रस्तुत काव्यिक सङ्कथनमा सम्बन्धगत र उपादेयता निर्मितिको सशक्त उपस्थिति रहेको छ । सङ्कथनमा सम्बन्धगत निर्मितिको अभिप्राय रचनाप्रक्रियामा सुसम्बद्धताको विश्लेषण गर्ने शिल्पप्रविधि र पक्षसँग सम्बन्धित विषयको निरूपण गर्नु हो भने उपादेयता निर्मिति परम्परागत

काव्यशास्त्रमा अध्ययन गरिने पूर्वीय काव्यप्रयोजनकै पाश्चात्य संस्करण हो । भाषाले निर्माण गर्ने सन्दर्भ तथा तिनको पारस्परिक सम्बन्धका आधारमा सिङ्गो पाठ अर्थात् सङ्कथनको अर्थ प्राप्त गर्ने माध्यम सम्बन्धगत निर्मिति हो भने यसका आधारमा सङ्कथनमा रहेका छरिएका सन्दर्भ र तिनले दिने अर्थका आधारमा समग्र अर्थको खोजी गरिन्छ । प्रस्तुत काव्यिक सङ्कथनमा सम्बन्धगत निर्मितिका रूपमा व्याकरणिक एकाइ तथा कोशीय शब्दको शृङ्खलाको महत्त्वपूर्ण भूमिका रहेको छ । शरीर र आत्मा विषयक पूर्वीय दर्शन र त्यसले स्थापना गरेका मान्यतासँग सम्पृक्त विषयवस्तुका अन्तर्यमा नेपाली समाजको बन्धनकारी पर्यावरणले सिर्जना गरेको सचेत मानसिकताको छट्पटी तथा इहलोकको व्यर्थताबाट पार्थक्य लिई परलोकको मार्गका निम्ति अभिमुख जीवनचेतनाजस्ता विविध अर्थीसम्बन्धको प्रस्तुति भएको यस सङ्कथनमा शरीर, आत्मा, इन्द्रिय, यिनीहरूबीचको सम्बन्ध तथा द्वन्द्वात्मकतालाई परस्परमा अन्वय गर्ने शब्दको नियमित शृङ्खला निर्माण भई तिनले निर्माण गर्ने सन्दर्भबीच पनि समन्वय भएको छ । पिँजरामा थुनिएको चरो र शरीरमा थुनिएको आत्माबीच तुलनात्मक साहचर्य सम्बन्ध स्थापित गरी चराको पीडा नै आत्माको पीडा रहेको आलङ्कारिक अभिव्यञ्जना निर्माण गर्ने यस सङ्कथनमा बन्द सामाजिक संरचनामा स्वतन्त्रताको परिकल्पना अथवा आभाष श्रापित हुने त्रिपक्षीय सन्दर्भको परस्परमा मेल भएको छ । यसका अतिरिक्त कवितामा आएका सन्दर्भका कोटि, प्रतिस्थापक एकाइ र संयोजकले पनि कोशीय शृङ्खलामा आएका आर्थीसम्बन्धलाई अन्वय गरेको छ । संसक्ति र संयुक्तिगत सम्बन्धका आधारमा कथ्यविषय र भावबीच अन्योन्य सम्बन्ध स्थापित यस सङ्कथनको सम्बन्धगत निर्मिति सशक्त छ यसले कविताको अभिव्यक्तिगत उपादेयता पनि निर्माण गरेको छ ।

प्रस्तुत कविताको उपादेयता निर्मिति भन्नु तत्कालीन नेपाली समाजको अन्तर्वस्तुलाई व्यञ्जनाका तहमा अभिव्यक्त गर्नु हो । शरीर र आत्माको द्वन्द्वात्मकताका माध्यमबाट समाज, सामाजिक अवस्था तथा त्यसको वास्तविक चित्र प्रस्तुत गर्ने सन्दर्भमा तत्कालीन नेपाली समाज, संस्कृति, राजनीति तथा तत्जन्य परिस्थितिले निर्माण गरेको वैराग्यको अभिव्यञ्जना हो । नेपाली समाजमा अपहरित नागरिक स्वतन्त्रता र मानवबन्धकको परिवेशमा सचेत मानसिकताले अनुभव गर्ने पीडा कविताका माध्यमबाट प्रस्तुत गर्नु यसको प्रथम उपादेयता वा प्रयोजन हो । यस सङ्कथनको दोस्रो उपादेयता शरीर र आत्मतत्त्वको द्वन्द्वात्मकताका माध्यमबाट भोग र योगमा योगको महत्त्व स्थापित गर्नु हो । समाजका रहेका विविधता तथा तिनले स्थापना गर्ने मूल्यका कारण सृजित विभीषिका र त्यसको मान्छेमाथिको प्रभावलाई संश्लेषण गर्ने यस सङ्कथनमा मोक्षका लागि विलासिताको परित्यागको आवश्यकतामाथि विमर्श भएको छ । दरबारिया सुखमा वैभवशाली जीवन बिताउने मान्छेले आमनागरिकको पीडा बुझ्नसक्ने आरोप लागेको कविव्यक्तित्व दरबारपरस्त नभई नागरिकपरस्त नै छ भन्ने विषयलाई आत्मप्रतिपादनका

माध्यमबाट प्रस्तुत गर्ने यो कविता सङ्क्षिप्त भाषिक संरचनामा पनि बृहत्तर विषयलाई प्रस्तुत गर्नसकिन्छ भन्ने प्रमाण हो ।

## निष्कर्ष

प्रस्तुत लेख लेखनाथ पौड्यालको "पिँजराको प्यासा मैना" कवितामा निहितार्थ मुख्य शोधसमस्या र त्यसको समाधानमा केन्द्रित छ । उपर्युक्त कविताको निहितार्थ विश्लेषणका लागि प्रतिकात्मकता, सांसारिकता, क्रियाकलाप, सामाजिक, सांस्कृतिक, सम्बन्धगत र उपादेयता निर्मिति विश्लेषणका आधार चयन भएको यस लेखमा कविताको भाषिक पक्षका आधारमा निहितार्थको निरूपण भएको छ । संरचनात्मक आयामका दृष्टिले कविताको लघुतम रूप मानिने मुक्तकाकार प्रगीतात्मक संरचना भएको प्रस्तुत सङ्कथनमा प्रतीकात्मक निर्मिति केन्द्रीय अर्थप्रतिपादन गर्ने मुख्य माध्यम बनेको छ । कविताका अधिकतर शब्दले प्रतीकात्मक अर्थ दिने यस संरचनालाई एक अर्थमा प्रतीकको सङ्ग्रह भएको रचना मान्नसकिन्छ । प्रतीकात्मक निर्मितिले वाच्यार्थ, लक्ष्यार्थ र व्यङ्ग्यार्थजस्ता तिनै तहलाई शक्तिशाली तुल्याएको यस कवितामा प्रतीककै अन्तर्यमा  सांसारिकता, क्रियाकलाप, सामाजिक, सांस्कृतिक र उपादेयता निर्मिति अभिव्यक्त भएको छ । नेपाली समाजको वस्तुतालाई अभिव्यञ्जित गर्ने सांसारिकताका विषय जनअधिकारविहीन सामाजिक संरचना तथा दमनका कारण अभिव्यक्ति स्वतन्त्रतासमेत प्रतिबन्धित अवस्थामा सचेत मानसिकतामा उत्पन्न पीडा, कुण्ठा र तद्जन्य परिवेशबाट निर्मित वैराग्यको प्रस्तुति भएको छ । आफ्नो सोचाइ प्रतिकूल सांसारिक गतिविधि तथा त्यसबाट उत्पन्न निराशाका बीच जीवनको निराशापूर्ण गतिशीलता क्रियाकलाप निर्मितिका रूपमा अभिव्यञ्जित यस कवितामा सामाजिक निर्मिति मानव बन्धकको परिवेशमा स्वतन्त्र देखिए पनि अपहरित र अधिकारविहीन जीवन बाँच्न अभ्यस्तरत मान्छेको कारुणिक पक्षको प्रस्तुति भएको छ । नेपाली समाज, संस्कृति र पर्यावरणलाई सूक्ष्म आवरणमा प्रस्तुत गर्ने यस कवितामा भाषिक एकाइका रूपमा आएका शब्दको सन्तुलित र सम्यक् पुनरावृत्तिका साथै तिनले निर्माण गरेको शब्दशृङ्खलाले नियमित सन्दर्भको स्थापना गरेको गरेको छ । कवितालाई नियमित सन्दर्भ र केन्द्रीय अर्थसँग जोड्ने सम्बन्धगत निर्मिति स्वतस्फूर्त रहेको यस कविताले कविता रचनाको रचनासन्दर्भगत नेपाली सामाजिकताका साथै विश्वपरिवेशको प्रभावका कारण उत्पन्न परिस्थितिलाई संश्लेषण गर्ने उपादेयता निर्मितिसमेत प्रतिपाद्य विषय बनेको निष्कर्ष प्राप्त गर्नसकिन्छ ।

## सन्दर्भ सामग्रीसूची

एटम, नेत्र (२०७४). *सङ्क्षिप्त साहित्यिक शब्दकोश,* नेपाल प्रज्ञा प्रतिष्ठान ।

गौतम, देवीप्रसाद. (२०६८). 'सङकथन विश्लेषण' *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार. पृ. ५७१-५९१ ।

गौतम, देवीप्रसाद (२०६८). *गीति संरचनाको सङ्कथन विश्लेषण रत्न बृहत् नेपाली समालोचना प्रायोगिक खण्ड,* (सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम), रत्न पुस्तक भण्डार. पृ. ४७३-४८१ ।

त्रिपाठी, वासुदेव (२०३४). *लेखनाथ पौड्यालको कवित्वको विश्लेषण र मूल्याङ्कन,* त्रि. वि. पाठ्यक्रम विकास केन्द्र ।

त्रिपाठी, वासुदेव. दैवज्ञराज न्यौपाने र केशवप्रसाद सुवेदी (२०४६). *नेपाली कविता* भाग-४, साझा प्रकाशन ।

पराजुली, ठाकुरप्रसाद (२०५६). *नेपाली साहित्यको परिक्रमा.* (दोस्रो संस्क.), साझा प्रकाशन ।

पौड्याल, लेखनाथ (१९९७). 'पिँजराको प्यासा मैना'. *शारदा* ७(६), नेपाली कविता भाग-४ मा पुनर्प्रकाशित ।

रिसाल, राममणि. (२०२८). *नेपाली काव्य र कवि,* साझा प्रकाशन ।

शर्मा, हीरामणि (२०६१). समालोचनाको बाटोमा (दोस्रो संस्क.), साझा प्रकाशन ।

Gallagar, T. & H. Craig (1987). An investigation of pragmatic connectives with preschool peer interaction. *Journal of pragmatics, 11*(1), 27-37.

Gee, J. P. (2011). An Introduction to Discourse Analysis, Theory & Method (3rd edn.), Routledge.

Haritage, J. & M. Sorjonen (1994). 'Constituing and manting activities across sequences: and prefacing'. *Language in Society, 23*(1), 1-29.

Levinson, S. (1983). Principles of Pragmatics, Cambridge University Press.

Schiffrin, D. (1992). 'Anaphoric then: aspectual, textual and epistemic meaning'. *Linguistics 30*(4), 753-92.

Schiffrin, D. (2001). 'Discourse makers: Language, Meaning & Context'. *The Handbook of Discourse Analysis*, (Edt. Deborah Schiffrin, Deborah Tannen &Heidi E. Hamilton, Blackwell Publication.

Widoson, D. (1995). 'Discourse Analysis: a critical view.'. *Language & Literature, 4*(3), 157-72.